लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

६१ औँ वार्षिकोत्सव विशेषांक

वर्ष २, अंक १२, २०७६ आषाढ (Year 2, Issue 12, Jun/Jul. 2019)

महालेखापरीक्षकको कार्यालयको ६१ औँ वार्षिकोत्सव सम्पन्न



वार्षिकोत्सव समारोहमा संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्णबहादुर महरा, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल ।

१५ आषाढ, २०७६

महालेखापरीक्षकको कार्यालयको ६१ औँ वार्षिकोत्सव समारोह संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्णबहादुर महराज्यूको प्रमुख आतिथ्यतामा बबरमहल, काठमाडौंमा सम्पन्न भयो । कार्यक्रममा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीज्यूहरू, नेपाल सरकारका उच्च पदस्थ कर्मचारी लगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सम्माननीय सभामुख महराले महालेखापरीक्षकबाट सार्वजनिक स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियाको निगरानी गर्ने तथा मुलुकमा वित्तीय अनुशासन कायम गर्ने गराउने कार्यमा पुऱ्याइ रहेको योगदानको स्मरण गर्नुभयो । सो क्रममा उहाँले संसदबाट स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति तथा समग्र सरकारी क्रियाकलापबारे संसदलाई जानकारी गराउने संवैधानिक निकाय महालेखापरीक्षक रहेको बताउनुभयो । त्यसैगरी महालेखापरीक्षकले तोकिएको जिम्मेवारी निर्वाह गर्दा भएका काम-कारबाही सम्बन्धमा संघीय संसद र संसदीय समितिहरूले जिम्मेवारी लिने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

क्रमशः पेज ५ मा

यस भित्र .....

क्र.सं.	विषय	पेज नं.
१	माननीय महालेखापरीक्षकज्यूको सन्देश	२
२	६१ औँ वार्षिकोत्सव समारोहमा सम्माननीय सभामुखज्यूको मन्तव्य	३
३	६१ औँ वार्षिकोत्सव समारोहसँग सम्बन्धित तस्विरहरू	६
४	जेष्ठ महिनाका कार्यालय गतिविधि	१३
५	वैशाख महिनाका कार्यालय गतिविधि	१७
६	अन्तर्राष्ट्रिय गतिविधि	२१
७	लेखापरीक्षण विषय (कविता)	२४
८	लेखापरीक्षण प्रवाह तालिका (Audit Flow Chart)	२५

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री ईश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री विष्णुप्रसाद रिजाल

सदस्य
श्री महेश पौड्याल
श्री सिर्जना रिमाल
श्री दिपक आचार्य

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

महालेखापरीक्षकको कार्यालयको ६१ औँ वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्णबहादुर महराज्यूले नेपालको संविधान र कानून बमोजिम लेखापरीक्षण सम्पन्न गरी नेपालका महालेखापरीक्षकबाट हालसम्म ५६ वटा वार्षिक प्रतिवेदनहरु राष्ट्र प्रमुखसमक्ष पेश भईसकेको उल्लेख गर्दै प्रतिवेदनको कार्यान्वयन तर्फ सरोकारवालाको ध्यानाकर्षण गराउनु भयो । सो क्रममा उहाँले माननीय महालेखापरीक्षकज्यूबाट हालै सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको ५६ औँ वार्षिक प्रतिवेदन र सातवटै प्रदेशका प्रदेश प्रमुखसमक्ष पेश गरिएका अलग अलग वार्षिक प्रतिवेदनले संघीयता कार्यान्वयनमा महालेखापरीक्षकबाट अग्रणी भूमिका निर्वाह भएको बताउनुभयो ।

उहाँले महालेखापरीक्षकको प्रतिवेदन मार्फत् सरकारी संयन्त्रलाई संसद प्रति जिम्मेवार र जवाफदेही बनाउन महत्वपूर्ण योगदान पुगेको बताउँदै संविधान र कानूनले दिएको अधिकारको प्रयोगमा आग्रह पूर्वाग्रह नराखी पेशागत मूल्य, मान्यता एवं आचरण पालना गरी उठाइएका विषयहरुमा संघीय संसद तथा सम्बन्धित समितिले त्यसको जिम्मेवारी लिने आश्वस्त पार्नुभयो । सम्माननीय सभामुखज्यूबाट महालेखापरीक्षकबाट सम्पादित कार्यको प्रशंसा गर्दै असल मनसायबाट गरिएका कार्यको संघीय संसदले जिम्मेवारी लिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । सम्माननीयज्यूबाट व्यक्त धारणा

क्रमशः पेज १२ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



महालेखापरीक्षकको कार्यालय स्थापना भएको ६० वर्ष पूरा भई मिति २०७६/०३/१५ गते ६१ औँ वर्षमा प्रवेश गरेको छ । यस अवसरमा पूर्व-महालेखापरीक्षकज्यूहरू लगायत यस संस्थामा हाल कार्यरत तथा पूर्व-कर्मचारीहरूको योगदानको कदर गर्न चाहन्छु । म महालेखापरीक्षकमा नियुक्त भएको दुई वर्ष पूरा गरी तेश्रो वर्ष लागेको छ। मेरो ६ वर्षे कार्यकालको एक तिहाई अवधि सम्पन्न गरेको छु । यस अवधिमा महालेखापरीक्षकको काममा सहजताको लागि सहयोग र समन्वय गर्नु हुने संघीय संसद, नेपाल सरकार, संवैधानिक निकायहरू, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, सञ्चार जगत र नागरिक समाज लगायतका निकाय र पदाधिकारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

महालेखापरीक्षकको कार्यालय सुशासन कायम गर्ने सन्दर्भमा "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रबर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने" दूरदृष्टि र सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरी योजनाबद्ध ढंगले अगाडी बढेको छ । नेपालको महालेखापरीक्षकमा नियुक्त हुँदा मैले नेपालको वित्तीय प्रशासनको विश्लेषण गरी सुधार गर्ने र आर्थिक अनुशासन कायम गर्न गराउन सहयोग पुऱ्याउने एउटा सोच लिएर आएको थिए । सोही अनुसारको ६ वर्षे कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा पनि ल्याइएको छ । यो दुई वर्षको अवधिमा नीतिगत, कानूनी, भौतिक प्रबन्ध, संस्थागत तथा जनशक्ति विकास, अन्तर्राष्ट्रिय सम्बन्ध विकास, संसदीय समितिहरू र सार्वजनिक निकायहरूसँग समन्वय लगायतका धेरै प्रयासहरू गरिएको छ । जसबाट नेपालको वित्तीय प्रशासनमा सुधार गरी आर्थिक अनुशासन कायम गर्न सकिन्छ भन्ने मेरो विश्वास रहेको छ ।

मेरो कार्यकालको दुई वर्ष व्यतीत हुँदा आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र सो भन्दा अघिको बक्यौता समेत लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरिसकेको छु । यी दुई आर्थिक वर्षमा करीब रु.९७ खर्बको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षण परामर्श दिएको समेत हिसाब गर्दा रु.१०९ खर्बको लेखापरीक्षण सम्पन्न भएको छ । आर्थिक वर्ष २०७४।७५ को करिब ६ हजार ६ वटा निकायको करिब रु.५२ खर्ब र परामर्श सेवाको २१ संस्थाको करिब ७ खर्ब समेत गरी करिब रु.५९ खर्बको लेखापरीक्षण सम्पन्न भएको छ । सोमध्ये

क्रमशः पेज ११ मा

६१ औं वार्षिकोत्सव समारोहमा सम्माननीय सभामुखज्यूको मन्तव्य



वार्षिकोत्सव समारोहमा मन्तव्य राख्नुहुँदै सम्माननीय सभामुख श्री कृष्णबहादुर महराज्यू ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, माननीय महालेखापरीक्षकज्यू, संवैधानिक अङ्गका माननीय प्रमुख तथा पदाधिकारीहरूज्यू, राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरू, एवं यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू !

१ सर्वप्रथम महालेखापरीक्षकको कार्यालय ६० वर्ष पूरा भई ६१ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा महालेखापरीक्षक लगायतका सबै कर्मचारीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । ६१ औं वार्षिकोत्सवका अवसरमा आयोजित यस कार्यक्रममा मलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्नुभएकोमा महालेखापरीक्षक लगायत सबैलाई धन्यवाद व्यक्त गर्दछु ।

२ यस अवसरमा म महालेखापरीक्षकको कार्यालयद्वारा नेपालको सार्वजनिक स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियाको निगरानी र वित्तीय अनुशासन कायम गर्ने गराउने कार्यमा पुऱ्याइरहेको योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

३ सार्वजनिक वित्तीय व्यवहारमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न र सार्वजनिक क्षेत्र तथा निकायमा हुने आर्थिक अनियमितता एवं चुहावट नियन्त्रणका लागि नेपालको संविधान तथा प्रचलित कानूनले महालेखापरीक्षकलाई महत्वपूर्ण जिम्मेवारी सुम्पेको छ । संविधान र प्रचलित कानूनले तोकेको जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकको कार्यालयबाट भइरहेको प्रयास तथा उपलब्धिको म सराहाना व्यक्त गर्दछु ।

४ नेपालको संविधान लागू भई हामी अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको शासकीय व्यवस्था अन्तर्गत छौं । मुलुकको शासकीय प्रणालीमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय संरचना लागू भएको छ । संघीय शासन प्रणाली लागू भएसँगै विगतको एकात्मक राज्य प्रणालीमा भएको संस्थागत संरचना र कार्यविधि तथा प्रकृयामा परिवर्तनको जरुरी छ ।

५ यस अर्थमा महालेखापरीक्षकले आफ्नो ५६ औं वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष र ७ प्रदेश प्रमुखसमक्ष प्रदेशको वार्षिक प्रतिवेदन पेश गरेकाले संवैधानिक व्यवस्था कार्यान्वयनमा अग्रगामी भूमिका निर्वाह गरेको पाएको छु ।

६ महालेखापरीक्षकले संवैधानिक व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्ने जिम्मेवारी प्राप्त गरेको छ। यस संस्थाले तीनै तहका सरकारको समन्वयकारी भूमिका पनि निर्वाह गर्न सक्दछ । महालेखापरीक्षकले प्रतिवेदन मार्फत् सरकारी संयन्त्रलाई संसदप्रति जिम्मेवार

र जवाफदेही बनाउने सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

७ वर्तमान अवस्थामा महालेखापरीक्षकले संविधान र प्रचलित कानून अनुसार उल्लेखनीय कार्य गरेको छ । सार्वजनिक खर्च तथा स्रोतको उपयोग र राजस्वतर्फ भएका चुहावट, हिनामिना, न्यून विजकीकरण लगायत अनौपचारिक अर्थतन्त्रको क्षेत्रबाट हुने चुहावट र संगठित संस्था संचालनका विषयहरूतर्फ अझैं पर्याप्त ध्यान पुऱ्याउनु पर्ने देखिएको छ ।

८ मुलुकमा संघीयता कार्यान्वयनसँगै जनताले अपेक्षा गरे अनुरुप दिगो विकास र समृद्धिको सपनालाई साकार पार्न सार्वजनिक स्रोत परिचालन र उपयोग गर्दा दुरुपयोग र अनियमितता नहुने परिपाटी बसाल्न आमूल परिवर्तनकारी सुधारलाई आत्मसात गर्न आवश्यक छ । यसको लागि आवश्यक परे ऐन, कानून तथा नीति र संरचनामा परिवर्तन गर्नु पर्दछ ।

९ मुलुकको वित्तीय प्रशासनमा नियमितता ल्याउन कमजोरी औंल्याउने जिम्मेवारी महालेखापरीक्षक लगायत निजी क्षेत्रका लेखापरीक्षकहरूको समेत रहेको छ । निजी क्षेत्रमा गरिने आर्थिक अनियमितताको सन्दर्भमा निजी क्षेत्रको लेखापरीक्षणका क्रममा त्यस्ता विषय उपर ध्यानाकृष्ट गर्नुपर्दछ ।

१० महालेखापरीक्षकले नेपालको संविधानले निर्दिष्ट गरे अनुरुप नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतका आधारमा सार्वजनिक आर्थिक क्रियाकलापहरूको परीक्षण, विश्लेषण एवं मूल्यांकन गर्ने भएकाले त्यसको लागि दक्ष जनशक्ति तथा पर्याप्त क्षमताका साथ विश्लेषणको जरुरी छ ।

११ महालेखापरीक्षकले प्रस्तुत गर्ने प्रतिवेदन संसदको समितिहरूले छलफल गरी निक्यौंल गर्नुपर्ने भएकाले प्रतिवेदनमा समावेश हुने विषयवस्तुहरूको गहिराईमा पुगी खास राष्ट्रिय मुद्दाहरू उठान गर्नेतर्फ महालेखापरीक्षक केन्द्रित हुनुपर्दछ ।

१२ लेखापरीक्षण ऐन, २०७५ अनुसार अब महालेखापरीक्षकले वार्षिक प्रतिवेदन मात्र नभई जुनसुकै बेला पनि प्रतिवेदन प्रस्तुत गर्न सक्ने व्यवस्था भएकाले राष्ट्रिय महत्व र सार्वजनिक चर्चामा आएका विषयहरूलाई लेखापरीक्षणको दायरामा राखी परीक्षण गर्न सकेमा महत्वपूर्ण योगदान हुनेछ । त्यसतर्फ पक्कै पनि महालेखापरीक्षकको ध्यान जानेछ भन्ने लागेको छ ।

१३ मुलुकमा वित्तीय अनुशासन र सुशासन कायम गर्ने जिम्मेवारी र दायित्व भएका तथा समान र एकै कार्य प्रकृति रहेका संवैधानिक तथा अन्य सरकारी निकायहरूबीच समन्वयात्मक तरिकाबाट कार्यसम्पादन हुनुपर्दछ । जसबाट तीनै तहका सरकारमाथि वित्तीय अनुशासन कायम तथा सार्वजनिक स्रोत साधनको अधिकतम सदुपयोग गर्नमा कानूनी, नैतिक तथा सार्वजनिक दवाब सिर्जना गर्न सहयोग पुग्ने समेत विश्वास लिएको छु ।

१४ सीमित स्रोत साधनका बाबजूद यस कार्यालयले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहसमेतको लेखापरीक्षण सम्पन्न गरी पेश गरिने वार्षिक प्रतिवेदनमार्फत प्रस्तुत गरेका विषयहरूले सम्बन्धित निकाय र सरोकारवालाप्रति चासो र जिज्ञासामा वृद्धि गरेको छ । उक्त प्रतिवेदनहरू मार्फत् उठाइएका विषयवस्तु तथा व्यहोरालाई संघीय संसद, प्रदेश सभा तथा गाउँ/नगर सभाले गम्भीरतापूर्वक लिई प्रतिवेदन कार्यान्वयनमा विशेष ध्यान पुऱ्याउने अपेक्षा राखेको छु ।

१५ आज महालेखापरीक्षकको कार्यालय स्थापना भएको ६० वर्षको अवधिमा ५६ वटा वार्षिक प्रतिवेदनहरू पेश गरिसकेको छ । प्रतिवेदनमार्फत् हरेक वर्ष टिप्पणी र सुझावहरू दिने गरेको छ । मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापन, आर्थिक अनुशासन, स्रोत साधनको परिचालन र उपयोग स्थिति तथा सेवा प्रवाह लगायतका विषयमा दिएका सुझाव कार्यान्वयन गरी अपेक्षित सुधारको जरुरी छ । यसमा नेपाल सरकार लगायत सम्बद्ध पक्षहरूको ध्यानाकर्षण हुनुपर्दछ ।

१६ विगत लामो समयदेखि महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरूमाथि संसदीय समितिबाट छलफल हुन बाँकी रहेको जानकारी पाएको छु । म प्रतिवेदन उपर सम्बन्धित समितिहरूमा नियमित छलफल गरी टुङ्गो लगाउन आवश्यक समन्वय गर्न निर्देशन गर्नेछु । संसदीय समितिमा छलफल नभएमा वा ढिलो छलफल भएमा सान्दर्भिकता नै परिवर्तन हुने वा औचित्य नै समाप्त हुने हुँदा सकभर प्रतिवेदन दिएलगत्तै छलफल गर्ने व्यवस्था मिलाउने छु ।

१७ लेखापरीक्षण कार्यमा संलग्न राष्ट्रसेवक लेखापरीक्षकको इमान्दारिता र नैतिकताले महत्वपूर्ण स्थान राख्दछ । लेखापरीक्षणको गुणस्तरमा सुधार गर्न लेखापरीक्षकहरूले आफ्नो स्वतन्त्रता, निष्ठा, विश्वसनीयता, व्यावसायिकता र मूल्य-मान्यतामा आँच आउन नदिई सार्वजनिक प्रशासनमा रहेका विकृति र समस्याहरू उपर कार्यान्वयनयोग्य सुझावहरू प्रस्तुत गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१८ महालेखापरीक्षकले स्वतन्त्र रुपमा कार्य गर्नका लागि यसको प्रशासकीय तथा वित्तीय स्वायत्तता अत्यन्त महत्वपूर्ण

रहन्छ । नेपालको संविधानले यसको सुनिश्चितता प्रदान गरेको छ । अभ्यासमा पनि पर्याप्त स्वतन्त्रता रहनु पर्दछ ।

१९ महालेखापरीक्षकको कार्यालयका कर्मचारीको परिचालन र व्यवस्थापन नेपाल सरकारबाट हुने गरेको बुझेको छु । यसबारेमा मेरो महालेखापरीक्षकसँग छलफल पनि भएको छ । महालेखापरीक्षकको कार्यालयका कर्मचारीको प्रशासन महालेखापरीक्षकको कार्यालयबाटै हुनुपर्दछ र अन्य निजामती कर्मचारीको तुलनामा विशेष सुविधा दिनुपर्दछ भन्ने मेरो धारणा छ । हाल संघीय निजामती सेवा ऐन नयाँ बनिरहेको सन्दर्भमा यस दिशातर्फ पहल गर्न आग्रह गर्दै मेरो तर्फबाट आवश्यक सहयोग गर्ने जानकारी गराउँछु ।

२० आज यस कार्यक्रममा महालेखापरीक्षकले व्यक्त गर्नुभएका धारणाप्रति मेरो ध्यानाकर्षण भएको छ । महालेखापरीक्षकको कार्य अरुको गल्ती कमजोरी औंल्याउने हो । महालेखापरीक्षकले उठाएका विषयहरू कसैलाई अप्रिय लाग्न सक्छन् । तर संविधान र कानूनले दिएको अधिकारको प्रयोग गर्दै आग्रह पूर्वाग्रह नराखी पेशागत मूल्य मान्यता र आचरण पालना गरी उठाइएका विषयहरूमा संघीय संसद र सम्बन्धित समितिले त्यसको जिम्मेवारी लिनेछन् । महालेखापरीक्षक संसदलाई प्रतिवेदनमार्फत् जानकारी गराउने निकाय भएकाले उसले गरेको हरेक असल कामको लागि संघीय संसदले महालेखापरीक्षकको साथ दिने र संरक्षण गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

२१ महालेखापरीक्षकको कार्यालयको ६१ औँ वार्षिकोत्सवका अवसरमा लगनशील र अनुशासित भई उत्कृष्ट कार्यसम्पादन गरी पुरस्कृत हुनुभएका कार्यालयका राष्ट्रसेवक कर्मचारीहरूलाई बधाई दिन चाहन्छु ।

२२ सार्वजनिक स्रोत साधनको प्राप्ति, परिचालन र उपयोग प्रक्रियाका सम्बन्धमा आलोचना र सुझावसहितको प्रतिवेदनमार्फत् समग्र सार्वजनिक प्रशासनमा वित्तीय अनुशासन र सुशासन कायम गर्न सहयोग पुऱ्याई सरकारले लिएको "समृद्ध नेपाल र सुखी नेपाली" नारालाई सार्थक बनाउन महालेखापरीक्षकको भूमिका महत्वपूर्ण रहने छ । सदाझैँ यस कार्यालयलाई कार्य सम्पादनमा सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु । संघीय संसदको तर्फबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास दिलाउन चाहन्छु ।

२३ अन्त्यमा, यस कार्यक्रममा मलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्नुभएकोमा धन्यवाद व्यक्त गर्दै आफ्नो मन्तव्य यहीँ टुङ्ग्याउँछु ।

धन्यवाद !

महालेखापरीक्षकको कार्यालयको ६१ औँ.....

मन्तव्यकै क्रममा उहाँले महालेखापरीक्षकले आफ्नो ५६ औँ वार्षिक प्रतिवेदन मार्फत् संघ, प्रदेश र स्थानीय तह गरी तीन वटै सरकारको एकीकृत र छुट्टाछुट्टै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको बताउनुभयो । यसले तीनै तहका सरकार बीच समन्वयकारी भूमिका निर्वाह गर्न र संघीयता कार्यान्वयनमा अग्रणी भूमिका निर्वाह गरेको समेत उल्लेख गर्नुभयो । साथै महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा हुने छलफललाई प्रभावकारी र नतिजामुखी बनाउन आफुले विशेष भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेलले परिवर्तित समयमा महालेखापरीक्षकको कार्यले सरकारको शक्ति सन्तुलन र नियन्त्रणमा महत्वपूर्ण भूमिका राख्ने उल्लेख गर्दै राष्ट्रिय नीतिको निर्माण र कार्यान्वयन पक्षमा उपयुक्त तथा व्यवहारिक सुझावहरूको अपेक्षा गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले संवैधानिक जिम्मेवारी निर्वाह गर्दा कसैको दबाव, प्रभाव र बदलाभावबाट विचलित नभई आगामी दिनमा नियन्त्रित र नियन्त्रण निकाय, आन्तरिक लेखापरीक्षण तथा स्थानीय तहमा सहभागितात्मक अवधारणाका आधारमा लेखापरीक्षणलाई प्रभावकारी र नतिजामुखी बनाउने बताउनु भयो । उहाँले कतिपय सरकारी निकायको लेखापरीक्षण नेपालको संविधान र लेखापरीक्षण ऐन विपरीत हुने गरी विषयगत ऐनका आधारमा महालेखापरीक्षक भन्दा बाहिरबाट भईरहेको बताउँदै त्यसप्रति सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु भयो ।

सो क्रममा लेखापरीक्षण ऐन, २०७५ को दफा २४(१) अनुसार लेखा सम्बन्धी व्यवस्था मिलाउन वा नियमितता ल्याउने सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, संगठित संस्था तथा नियमनकारी निकायलाई महालेखापरीक्षकबाट आवश्यक निर्देशन जारी गर्ने कार्य भईरहेको व्यहोरा समेत स्पष्ट पार्नुभयो ।

कार्यक्रममा उत्कृष्ट कार्य सम्पादन गर्ने, वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी भई विजयी हुने तथा २५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई कार्यक्रमका प्रमुख अतिथि सम्माननीय सभामुखज्यू र पूर्व-महालेखापरीक्षकका परिवारजनलाई माननीय महालेखापरीक्षकज्यूबाट पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो ।

६१ औं वार्षिकोत्सव समारोहसँग सम्बन्धित तस्बिरहरू



सम्माननीय सभामुखज्यूलाई कार्यक्रममा स्वागत गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।



पानसमा दीप प्रज्ज्वलन गरी वार्षिकोत्सव समारोहको उद्घाटन गर्नुहुँदै सम्माननीय सभामुखज्यू ।



वार्षिकोत्सव समारोहमा उपस्थित अतिथि गण ।



वार्षिकोत्सव समारोहमा मन्तव्य राख्नुहुँदै राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू ।



वार्षिकोत्सव समारोहमा मन्तव्य राख्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।



कार्यक्रमका प्रमुख अतिथि सम्माननीय सभामुखज्यू (बाँया) र अतिथि माननीय उपाध्यक्षज्यू (दाँया) लाई मायाको चिनो प्रदान गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।



सम्माननीय सभामुखज्यूसँग सामूहिक तस्विर लिदैं संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीज्यूहरु समेत ।



सम्माननीय सभामुखज्यूसँग कार्यक्रममा उपस्थित वर्तमान र पूर्व-महालेखापरीक्षकज्यूका परिवारका सदस्यहरु समेत ।



सम्माननीय सभामुखज्यू र माननीय महालेखापरीक्षकज्यूसँग वार्षिकोत्सव मूल समारोह समितिका पदाधिकारीहरु समेत ।



सम्माननीय सभामुखज्यू र माननीय महालेखापरीक्षकज्यूसँग कार्यालयमा उत्कृष्ट कर्यसम्पादन गरी पुरस्कृत कर्मचारीहरु ।



सम्माननीय सभामुखज्यू र माननीय महालेखापरीक्षकज्यूसँग अतिरिक्त क्रियाकलापमा पुरस्कृत कर्मचारीहरु ।



सम्माननीय सभामुखज्यू र माननीय महालेखापरीक्षकज्यूसँग कार्यालयका २५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरु ।



सम्माननीय सभामुखज्यू र माननीय महालेखापरीक्षकज्यूसँग कार्यालयबाट एक वर्षको अविधिमा सेवा निवृत्त हुने कर्मचारीहरु ।



सम्माननीय सभामुखज्यू मुट परीक्षण तथा स्वास्थ्य शिविर सञ्चालनमा सहयोग गर्ने शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसवारीलाई कदर पत्र प्रदान गर्नुहुँदै ।



सम्माननीय सभामुखज्यू र माननीय महालेखापरीक्षकज्यूसँग रक्तदान कार्यक्रममा सहभागी कर्मचारीहरु ।

माननीय महालेखापरीक्षकज्यूको सन्देश.....

सरकारी निकायतर्फ रु.२० खर्ब ८ अर्बको लेखापरीक्षणबाट रु.१ खर्ब ६ अर्ब अर्थात् ५.२९ प्रतिशत बेरुजू कायम भएको छ । स्थानीय तहतर्फ रु.५ खर्ब ७२ अर्बको लेखापरीक्षणबाट रु.२४ अर्ब १४ करोड अर्थात् ४.२२ प्रतिशत बेरुजू कायम भएको छ । प्रदेश तहको रु.२ अर्ब ६२ करोडको लेखापरीक्षणमा करिब रु.१९ करोड बेरुजू कायम भएको छ । उल्लेखित बेरुजूमध्ये नियमित गर्ने करिब ३८ प्रतिशत, पेश्की बाँकी ३७ प्रतिशत र असुल गर्नुपर्ने २५ प्रतिशतको हाराहारीमा रहेको छ । विगतदेखि हालसम्म असुल फछ्यौंट गर्नुपर्ने तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने बेरुजू रकम रु.६ खर्ब ८३ अर्ब पुगेको छ ।

नेपालको सार्वजनिक वित्तीय प्रशासनमा अझैं पनि कमजोरी र समस्याहरू रहेका छन् । मेरो पछिल्लो वार्षिक प्रतिवेदनमा यी विषयहरूमा सविस्तार व्याख्या गरी सुझावहरू पनि दिएको छु । सुधारका क्षेत्रहरूमा बजेट तथा खर्च व्यवस्थापन, वैदेशिक सहायता परिचालन, आयोजना व्यवस्थापन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, वित्तीय जवाफदेहिता प्रवर्द्धन, ठेक्का व्यवस्थापन, आर्थिक व्यवस्थापनसँग सम्बन्धित कानूनमा सुधार, सूचना प्रविधिको उपयोग, लेखांकन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण, राजस्व प्रणालीमा सुधार र सेवा प्रवाह लगायतका विषयहरू समेटेर सुझावहरू प्रदान गरिएको छ । ती सुझावहरूको कार्यान्वयन भएमा आर्थिक कारोबारको संचालनमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता आउने, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन भई सुशासनमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

महालेखापरीक्षकले नेपालको संविधान र लेखापरीक्षण ऐन तथा अन्य प्रचलित कानून अनुसार नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गरी प्रतिवेदन प्रस्तुत गर्दछ । कहिलेकाही लाग्न सक्तछ, सबै कुरा मिलेर पनि कसरी बेरुजू वा अनियमितता हुन्छ ? महालेखापरीक्षकले परीक्षण गर्दा वित्तीय परिपालना, नीतिगत, कार्यगत, कार्यमूलक र नतिजा समेत हेरी औचित्यको कसीमा पनि जाँचिने हुँदा सोमध्ये कुनै कुरा नमिलेको देखिएमा वा औचित्य प्रमाणित नभएमा बेरुजू कायम हुन सक्दछ ।

विगतका अभ्यासहरुको समीक्षा गर्दै आगामी लेखापरीक्षणमा सहभागितात्मक प्रणाली अवलम्वन गरिनेछ । सम्वद्ध सबै पक्षलाई सहभागी गराई आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणको माध्यमबाट परिचालित हुन जरुरी छ । महालेखापरीक्षकले उच्च जोखिमका निकायहरू छनौट गरी लेखापरीक्षण गर्ने गरी लेखापरीक्षण योजना तयार गरिएको छ । वित्तीय शुद्धता र परिपालनाको लेखापरीक्षणका लागि मन्त्रालय तथा केन्द्रीय निकाय र महालेखा नियन्त्रक कार्यालय एवं तथा कोष तथा लेखा नियन्त्रक कार्यालयहरू परिचालित हुनुपर्दछ । हामी अब नियन्त्रित र नियन्त्रण निकाय (Controlled and Controlling Entities) को अवधारणा अवलम्वन गरिनेछ । यसको साथै स्थानीय तहमा नागरिक सहभागितामा आधारित लेखापरीक्षण प्रणाली पनि अवलम्वन गरिने छ । त्यसको लागि करिब २५० व्यक्तिहरूलाई सरकारी लेखापरीक्षण सम्बन्धी तालिम प्रदान गरिएको छ । संयुक्त राष्ट्रसंघको अगुवाई तथा सर्वोच्च लेखापरीक्षण संस्थाको हैसियतमा दीगो विकास लक्ष्य सम्बन्धी कार्यक्रम कार्यान्वयन अवस्था समेतको लेखापरीक्षण गर्ने योजना रहेको छ । यसका लागि हामीले राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिरहेका छौं ।

नेपालको महालेखापरीक्षकको कार्यालयको अन्तर्राष्ट्रिय उपस्थिति समेत रहेको छ । नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको सदस्य तथा एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाको गभर्निङ्ग बोर्डको सदस्यमा समेत निर्वाचित भएको छ । साथै अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्था तथा बहुपक्षीय अन्तर्राट्रिय संस्थाहरूका कार्यक्रम र कर्मचारीको क्षमता विकासमा सहभागिता रहने गरेको छ । यस अर्थमा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपालको महालेखापरीक्षकको कार्यालयको राम्रो पहिचान कायम भएको छ ।

संविधान बमोजिम प्रदेश स्तर र स्थानीय तहको समेत परीक्षणको जिम्मेवारी आएपछि प्रदेश तहमा कार्यालय खोल्ने योजना रहेको छ । हाल संघ, प्रदेश र स्थानीय तहमा कार्य बाँडफाँड भएको अवस्थामा प्रदेशस्तरमा कार्यालय खोल्ने विषयमा थप छलफल र अध्ययन भईरहेको छ । यसपटक सम्माननीय राष्ट्रपतिज्यूलाई प्रतिवेदन पेश गरेकै दिन र समयमा सातै प्रदेश प्रमुखलाई प्रतिवेदन बुझाइयो । यस सन्दर्भमा नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनको विषयलाई मूर्तरुप दिन महालेखापरीक्षकले अग्रणी भूमिका निर्वाह गरेको छ ।

महालेखापरीक्षक संवैधानिक रुपमा स्वतन्त्र छ । अन्तर्राष्ट्रिय प्रचलन अनुसार प्रशासकीय र वित्तीय रुपमा स्वतन्त्रता पनि उत्तिकै आवश्यक छ । अन्तर्राष्ट्रिय प्रचलन अनुसार महालेखापरीक्षकका आफ्नै कर्मचारी रहन्छन् । अहिले महालेखापरीक्षकको कार्यालयका कर्मचारीको नेपाल सरकार मार्फत प्रशासन भईरहेको छ । महालेखापरीक्षको कार्यालयका कर्मचारी यहीबाट व्यवस्थापन गरिनु पर्दछ भन्ने मेरो धारणा रहेको छ ।

कानूनी सुधारको सम्बन्धमा लेखापरीक्षण ऐन, २०७५ स्वीकृत भई सकेको छ । सो ऐनले संघ, प्रदेश र स्थानीय तह लगायत सरकारी निकायहरूको लेखापरीक्षणको सम्बन्धमा स्पष्ट

व्यवस्था गरे पनि अझै छुट्टै ऐन बमोजिम स्थापना भएका केही सार्वजनिक निकायहरूको लेखापरीक्षण महालेखापरीक्षकको दायरामा आएको छैन । ती निकायहरूको लेखापरीक्षणलाई महालेखापरीक्षकको दायरामा ल्याउनु पर्ने देखिन्छ ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार अब महालेखापरीक्षकले वार्षिक प्रतिवेदनको अतिरिक्त जुनसुकै बखत पनि चल अचल राष्ट्रिय धनको नोक्सानी भएको भन्ने लागेमा तत्काल लेखापरीक्षण गरी राष्ट्रपति र प्रदेशको हकमा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था भएको छ । यस व्यवस्थाले राष्ट्रिय महत्वका सार्वजनिक चर्चामा आएका विषयहरू छनौट गरी लेखापरीक्षण गर्न सहज भएको छ । त्यसैगरी कार्यमूलक र सूचना प्रविधि लेखापरीक्षणलाई पनि प्राथमिकतामा राखिएको छ ।

यस्तै सार्वजनिक संस्थानहरू र नियमनकारी निकायहरूको लेखापरीक्षण र ती निकाय मार्फत निजी क्षेत्रको लेखापरीक्षणमा समेत केही निर्देशन जारी गर्नु पर्ने देखिएको छ । त्यसतर्फ गृहकार्य भईरहको छ । संविधान र लेखापरीक्षण ऐनले दिएको अधिकार प्रयोग गरी आगामी लेखापरीक्षणको विधि, तरिका तथा प्रक्रियाका सम्बन्धमा चाँडै नै आवश्यक निर्देशनहरू जारी गरिनेछ ।

भूकम्पले घर क्षति भएपछि केही स्थानमा भाडामा र बबरमहलबाट कार्यालय सञ्चालन भएको छ । अनामनगरमा नयाँ भवन निर्माणाधीन अवस्थामा रहेको र हालसम्मको प्रगति सन्तोषजनक छ । तर अझ द्रूत गतिमा काम गरी तोकिएको समय भित्रै भवन निर्माण कार्य सम्पन्न गरी उदाहरण प्रस्तुत गर्न सम्बन्धित निकाय र निर्माण व्यावसायीलाई समेत अनुरोध गर्दछु ।

कर्मचारीलाई काम गर्ने पर्याप्त स्थान र वातावरणमा केही कठिनाई भएको छ । स्थलगत लेखापरीक्षणमा खटिने कर्मचारीलाई विशेष आर्थिक सुविधा दिन सकिएको छैन । यसमा केही सुधार गर्नु पर्ने देखिएको छ । योजना अनुसार परिचालित भई कार्यसम्पादनमा सहयोग भईरहेकोमा आम कर्मचारी साथीहरूको सराहना गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

कतिपय सार्वजनिक निकायका कर्मचारीले सरकारी राजस्व तथा स्रोत दुरुपयोग र मस्यौट गरेका घटनामा कहिलेकाहीँ लेखापरीक्षक माथि पनि दोष लाग्ने गरेको छ । त्यसतर्फ सजग हुनु जरुरी छ । असल मनसायले गरेको कामको म सधैं जिम्मा लिन्छु । काम गर्दै जाँदा हुने स्वभाविक कमी- कमजोरीहरूको सुधार गर्न भने सबैको सामूहिक प्रतिबद्धता र सोअनुसारको व्यवहार हुन आवश्यक छ ।

अन्त्यमा, संवैधानिक जिम्मेवारी अनुसार लेखापरीक्षण सम्पन्न गर्न मार्गदर्शन प्रदान गर्नु हुने सम्माननीय राष्ट्रपतिज्यू तथा सहयोग एवं समन्वय गर्नु हुने संघीय संसद, प्रदेश सभा संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आमनागरिक लगायत सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

सम्पादकीय .....

हाम्रो लागि महत्वपूर्ण र सकारात्मक रहेको छ भने लेखापरीक्षण प्रति सरोकारवालाको बढ्दो अपेक्षा पुरा गर्नु आफैंमा चुनौतिपूर्ण छ । उक्त चुनौतिको सामना गर्न कार्यालयको संगठनात्मक, व्यवस्थापकीय, कार्यगत एवं व्यवहारगत पक्षमा निरन्तर सुधार हुन आवश्यक छ । यस सन्दर्भमा लेखापरीक्षणलाई थप व्यवस्थित, योजनाबद्ध र पूर्वानुमानयोग्य बनाउन महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयनमा रहेको छ ।

अन्त्यमा, महालेखापरीक्षकको काम-कारबाहीलाई प्रभावकारी, विश्वसनीय र गुणस्तरीय बनाउन सरोकावालाबाट सदा झैं रचनात्मक सल्लाह, सुझाव एवं सहयोगको अपेक्षा गरेका छौं ।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९४ आषाढ २८

स्वर्गारोहण:
वि.सं.
वि.सं.२०७६ जेष्ठ ११

स्व. भीमबहादुर बस्नेत

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री भुपेन्द्रकुमार बस्नेतका पूजनीय पिता भीमबहादुर बस्नेतको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

जेष्ठ महिनाका कार्यालय गतिविधि

लेखा उत्तरदायी अधिकृतसँग छलफल

३१ जेष्ठ, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र संघीय सरकारका सचिव (लेखा उत्तरदायी अधिकृत) हरूबीच आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण, सोको दायरामा समावेश गर्नुपर्ने सम्भावित मुख्य विषयहरु तथा समग्र वित्तीय अनुशासन लगायतका विषयमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल सम्पन्न भयो। उक्त छलफलमा महालेखा नियन्त्रक, विभिन्न मन्त्रालयका प्रतिनिधि र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो।

छलफलमा माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको वार्षिक, समष्टिगत र ईकाइगत लेखापरीक्षण योजनाको तर्जुमादेखि प्रतिवेदन चरणसम्म सरोकारवालाको सहभागिता अभिवृद्धि गरी लेखा उत्तरदायी अधिकृत सहित सम्बन्धित पदाधिकारीको जिम्मेवारी र जवाफदेहितामा अभिवृद्धि गराउने नीति कार्यालयको रहेको बताउनु भयो। सो क्रममा उहाँले लेखापरीक्षण प्रतिवेदनको गुणस्तरीयता, प्रभावकारिता तथा विश्वसनीयतामा अभिवृद्धि हुने तथा आफु र अन्तर्गतका निकायबाट सम्पादित कार्य र सेवा प्रवाह प्रतिको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सम्बन्धित निकाय थप अग्रसर हुने अपेक्षा गर्नुभयो।

छलफलका क्रममा सम्बन्धित मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरूले लेखापरीक्षण गर्दा समावेश गर्नुपर्ने विषय, मन्त्रालय र अन्तर्गतका निकायको सेवाप्रवाह स्थिति, राजस्व आम्दानी र बजेट खर्चमा हुने सम्भावित जोखिम तथा विगतको लेखापरीक्षण प्रतिवेदनमा समावेश व्यहोराहरू सम्बन्धमा आफ्नो भनाई राख्नु भएको थियो। सो क्रममा संघ, प्रदेश र स्थानीय सरकारको कार्यक्षेत्रमा रहेका कानूनी जटिलता तथा नीतिगत अस्पष्टताका विषयमा समेत छलफल भएको थियो। कार्यक्रममा सहभागी लेखा उत्तरदायी अधिकृतहरुले लेखापरीक्षण कार्यमा आवश्यक सहयोग गर्दै सोबाट प्राप्त हुने सुझाव कार्यान्वयनमा समेत आफुहरु गम्भीर रहेको बताउनु भयो। सो अवसरमा महालेखा नियन्त्रक श्री सूर्यप्रसाद गौतमज्यूले आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको क्षमता विकास गरी यसलाई थप प्रभावकारी र नतिजामुखी बनाउने सम्बन्धमा आवश्यक कानूनी तथा संगठनात्मक सुधार गर्न लागिएको जानकारी गराउनु भयो।

३ जेष्ठ, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारका खारेज भएका र प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कार्यालयको लेखापरीक्षण गर्ने सम्बन्धमा छलफल सम्पन्न भयो। उक्त छलफलमा संघीय सरकारका १२ वटा मन्त्रालयका लेखा उत्तरदायी अधिकृत, महालेखा नियन्त्रक कार्यालयका प्रतिनिधि लगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

सो क्रममा माननीय महालेखापरीक्षकज्यूले सम्बन्धित मन्त्रालय वा विभागले संघीय सरकार अन्तर्गत भएका उल्लिखित कार्यालयको विवरण र ती निकायबाट आर्थिक वर्ष २०७५/७६ मा खर्च भएको रकमको लेखापरीक्षण २०७६ असार मसान्तभित्र सम्पन्न गर्न महालेखापरीक्षकको कार्यालय तयार रहेको जानकारी गराउनु भयो। त्यसैगरी हाल महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र वार्षिक लेखापरीक्षण कार्यतालिका तयारीको क्रममा रहेको जनाउँदै निकट भविष्यमा हुन गईरहेको स्थलगत लेखापरीक्षण कार्यमा मन्त्रालय र अन्तर्गतका निकायबाट आवश्यक सहयोग तथा समन्वयका लागि अनुरोध समेत गर्नुभयो।

छलफलमा माननीय महालेखापरीक्षकज्यूले गत विगत वर्षको बाँकी बेरुजू फछ्यौंटमा सक्रिय भूमिकाको अपेक्षा गर्दै जिल्ला स्थित खारेज भएका वा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कार्यालयको बेरुजू फछ्यौंटमा समेत खर्चसँग सम्बन्धित लेखाउत्तरदायी अधिकृतले नै जिम्मेवार हुनुपर्ने व्यहोरा स्पष्ट पार्नुभयो। कार्यक्रममा सहभागी लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो मन्त्रालयको मातहतबाट खारेजीमा परेका र प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका निकायको विवरण सहिते भनाई राख्नुभएको थियो।



माननीय महालेखापरीक्षकज्यू र छलफलमा सहभागी लेखाउत्तरदायी अधिकृत लगायतका पदाधिकारीहरु।

वर्तमान महालेखापरीक्षकको दुई वर्षको अवधिमा सम्पादित प्रमुख कार्यहरू

८ जेष्ठ, २०७६

सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा २४०(२) बमोजिम मिति २०७४/०२/०८ मा नेपालको महालेखापरीक्षकमा नियुक्त हुनु भएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले कार्यभार सम्हाल्नुभएको मिति २०७६/०२/०७ मा दुई वर्ष पूरा भएको छ । यस अवधिमा भएका सुधारका प्रमुख क्षेत्र र सम्पादित मुख्य कार्यहरू देहाय बमोजिम छन् :

१. संगठन संरचना र दरबन्दी

- नेपालको संविधान र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्न र प्रदेशस्तरसम्म कार्यालय स्थापना गर्ने प्रयोजनका लागि व्यवस्थापन सर्वेक्षण तथा नयाँ संगठन संरचना नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५ आषाढ ३२ गते स्वीकृत भएको ।
- स्वीकृत संगठन संरचना अनुसार कार्यालयको कुल कर्मचारी दरबन्दी संख्या ४४८ बाट वृद्धि भई ६१४ पुगेको ।
- स्वीकृत संगठन संरचना अनुसार महालेखापरीक्षकको कार्यालयमा उप-महालेखापरीक्षकको नेतृत्वमा ४ लेखापरीक्षण विभाग, नायव-महालेखापरीक्षकको नेतृत्वमा ३ प्रादेशिक सहित १४ लेखापरीक्षण महानिर्देशनालय र माननीय महालेखापरीक्षकज्यूको सचिवालय सहित ४० वटा निर्देशनालयहरू रहने व्यवस्था भएको ।

२. कानूनी तथा नीतिगत व्यवस्था

- नेपालको संविधान अनुसार लेखापरीक्षण कानूनलाई समयानुकुल बनाउन लेखापरीक्षण ऐन, २०७५ सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई मिति २०७५ चैत्र १५ गते राजपत्रमा प्रकाशन भएको छ । उक्त ऐनमा थप गरिएका केही महत्वपूर्ण व्यवस्थाहरू देहाय बमोजिम छन् :

क) साविकको लेखापरीक्षण ऐन, २०४८ मा लेखापरीक्षण गर्ने विषयहरू १९ वटा रहेकोमा हालको लेखापरीक्षण ऐन, २०७५ को दफा ८ मा लेखापरीक्षण गर्ने १२ विषयहरू थप भई ३१ वटा पुगेको ।

ख) ऐनको दफा ९(२) अनुसार महालेखापरीक्षकले उपयुक्त ठानेमा आफ्नो कार्यक्षेत्र भित्रको कुनै पदाधिकारीले वित्तीय जवाफदेहिता बहन गरे, नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम परीक्षण गर्न सक्ने ।

ग) ऐनको दफा १८(१) अनुसार महालेखापरीक्षकले आफैले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार संघ तथा प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने ।

घ) ऐनको दफा १९(४) अनुसार महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाही सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने र उपदफा (४) बमोजिम पेश गरेको प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने ।

ङ) ऐनको दफा १९(६) अनुसार चल वा अचल राष्ट्रिय सम्पत्तिको ठूलो हानि-नोक्सानी भएको वा तत्कालै कारबाही नगरे त्यस्तो हानि-नोक्सानी हुन सक्ने देखिएमा महालेखापरीक्षकले जुनसुकै बेला त्यस्तो कारोबारको लेखापरीक्षण गरी राष्ट्रपति वा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गर्न सक्ने ।

च) ऐनको दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने तथा उक्त प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने ।

छ) यसका अलावा ऐनमा विविध विषय र सामयिक लेखापरीक्षण, अनुदान र सहायताको लेखापरीक्षण, महालेखापरीक्षकले निर्देशन दिन सक्ने, कारबाहीका लेखी पठाउन सक्ने, उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कार दिन सक्ने, अधिकार प्रत्यायोजन, नियम बनाउन सक्ने तथा मानदण्ड वा निर्देशिका जारी गर्न सक्ने लगायतका थप व्यवस्थाहरू भएको ।

- लेखापरीक्षणसँग सम्बन्धित कानूनी तथा नीतिगत पक्षमा सुधार गर्ने सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूको मिति २०७६ वैशाख २३ गतेको निर्णयानुसार लेखापरीक्षण नियमावलीको मस्यौदा समिति, लेखापरीक्षण सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी नियमावली मस्यौदा समिति, लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कार सम्बन्धी कार्यविधिको मस्यौदा समितिको गठन गरिएकोमा उक्त समितिहरू तोकिए बमोजिम मस्यौदा तयार गर्न क्रियाशील रहेका छन् ।
- लेखापरीक्षणको गुणस्तर सुधार, क्षमता विकास, संगठनात्मक सुधार लगायतसँग सम्बन्धित ११० क्रियाकलापहरू समावेश गरी ल्याइएको महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनमा रहेको ।
- स्थानीय तहको लेखापरीक्षण सम्बन्धी निर्देशिका, २०७४ लाई अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा पुगेको ।
- यसैगरी सार्वजनिक निर्माण, सहभागितात्मक लेखापरीक्षण, सामयिक लेखापरीक्षण, सार्वजनिक संस्थान लगायत अन्य विषयगत क्षेत्रका लेखापरीक्षण मार्गदर्शन र मानदण्ड अद्यावधिक र तर्जुमा गर्ने कार्य भईरहेको ।

३. भौतिक पूर्वाधार तथा स्रोत साधन

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति २०७४ मंसिर १८ गते शिलान्यास भएको

काठमाडौं, अनामनगरस्थित कार्यालय भवनको बाहिरी संरचना निर्माण कार्य सम्पन्न भई हालसम्म करिब ६५ प्रतिशत भौतिक प्रगति भएको ।

- यस अवधिमा कार्यालयमा थप १२ चार पाङ्ग्रे र ५० दुई पाङ्ग्रे गरी जम्मा ६२ सवारी साधनहरू प्राप्त गरी सञ्चालनमा आएपश्चात् कार्यालयको दैनिक कार्य सञ्चालनमा सहजता भएको ।

४. आन्तरिक कार्य प्रणाली

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित समस्या समाधानको कार्यलाई निरन्तरता दिईएको ।
- लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमता समेतका आधारमा आगामी वर्ष देखि जोखिममा आधारित लेखापरीक्षण पद्दतिको अवलम्बन गर्ने लक्ष्य अनुसार महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना तर्जुमाको कार्य भईरहेको ।
- लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक बनाउन कार्यमूलक, विशेष, सूचना प्रविधि लेखापरीक्षणलाई क्रमशः वृद्धि गर्दै जाने नीति अवलम्वन गरिएको ।
- पूर्णस्वामित्वका संगठित संस्थाहरूको लेखापरीक्षण गर्न आवश्यक क्षमता अभिवृद्धि गरी कार्यालयका कर्मचारीबाट लेखापरीक्षण सम्पन्न गर्ने नीति अनुसार हाल नियमनकारी निकायको लेखापरीक्षण आफ्नै कर्मचारीबाट गरिएको ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न यसको अनुगमन, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकतामा राखिएको ।
- लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपूर्व सम्बन्धित सुपरीवेक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयबाट Pre-issuance र Post-issuance आश्वस्तता पुनरावलोकन गर्ने नीति कार्यान्वयनमा ल्याइएको ।
- कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना संकलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई प्राथमिकता दिइएको ।

५. संस्थागत सुदृढीकरण

- लेखापरीक्षणका क्षेत्रमा सहयोग गर्न तथा महालेखापरीक्षकको ६ वर्षे कार्ययोजनाको कार्यान्वयनका लागि विश्व बैंकको सहयोगमा रु.४० करोड खर्च गर्ने गरी महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना मिति २०७५ आषाढ १३ देखि कार्यान्वयनमा आएको ।
- तीन वर्षको लागि सञ्चालन हुने उक्त आयोजना अन्तर्गत मुख्य रुपमा लेखापरीक्षण मानदण्डमा समसामयिक सुधार गर्ने, लेखापरीक्षणलाई थप प्रभावकारी र गुणस्तरीय बनाउने, कर्मचारीको कार्य क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधि प्रणालीमा आधारित विद्युतीय लेखापरीक्षण पद्धतिको प्रवर्द्धन गर्ने, लेखापरीक्षणमा नागरिक सहभागिताको अभिवृद्धि गर्ने लगायतका क्रियाकलापहरू समावेश गरिएको ।
- आयोजनाको पहिलो चरण अन्तर्गत कार्यालयको दैनिक कार्य सञ्चालनका लागि अत्यावश्यक सूचना प्रविधिसँग सम्बन्धित ल्यापटप, कम्प्युटर, प्रिन्टर खरिद गर्ने तथा आयोजना अन्तर्गतका मुख्य क्रियाकलापको कार्यान्वयन गर्न परामर्शदाता छनौट गर्ने कार्य अन्तिम चरणमा रहेको ।

६. जनशक्ति तथा क्षमता विकास

- कर्मचारी क्षमता विकासका लागि आन्तरिक तालिम तथा स्वदेशी कार्यक्रममा कर्मचारीको सहभागिता गराउने कार्यलाई निरन्तरता दिईएको ।
- २ वर्षको अवधिमा ३३६ कर्मचारीले विभिन्न स्वदेशी तालिम/सेमिनार/गोष्ठीमा सहभागिता जनाएका ।
- यस अवधिमा लेखापरीक्षणसँग सम्बन्धित वैदेशिक तालिम, गोष्ठी तथा कार्यक्रमहरूमा १७२ जना कर्मचारी सहभागी भएका ।
- मित्रराष्ट्र चीनबाट २ कर्मचारी लेखापरीक्षण विषय र १ कर्मचारी मित्रराष्ट्र दक्षिण कोरियाबाट स्नातकोत्तर तह उतीर्ण भई स्वदेश फिर्ता भएका छन् भने २ कर्मचारी मित्रराष्ट्र चीनमा उच्च शिक्षा अध्ययनरत रहेका ।
- त्यसैगरी अन्य वैदेशिक अध्ययन अन्तर्गत मित्रराष्ट्र जापानमा २ कर्मचारी अध्ययनरत रहेका ।

७. वित्तीय अनुशासन र जवाफदेहिता

- नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्बभन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिँदा महालेखापरीक्षकको कार्यालयबाट वित्तीय अनुशासन पालनाको विवरण लिई वित्तीय जवाफदेहिता पालनास्तर समेतको आधार लिने पद्दति कार्यान्वयनमा आएको ।
- वित्तीय जवाफदेहिताको मूल्यांकन गरी कार्यालय र जिम्मेवार पदाधिकारीको वर्गीकरण गरी लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने कार्यको शुरुवात् भएको ।
- निकायगत रुपमा बेरुजू सिर्जना गर्ने जिम्मेवार लेखा उत्तरदायी अधिकृत र सार्वजनिक संस्थानका प्रमुखलाई जवाफदेही बनाउन निजको नाम र कार्य अवधि सहितको प्रतिवेदन सार्वजनिक गरिएको ।
- विगत वर्षदेखि लेखापरीक्षण बक्यौता रहेका सार्वजनिक संस्था, कार्यालय र निकायको लेखापरीक्षण सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखिएको र लेखापरीक्षण नगराउने उपर कारबाही गर्न पत्राचार गरिएको ।

८. संस्थागत सम्बन्ध

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको

समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ५९ औं र ६० औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको ।

- सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायधीशज्यू, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू लगायतका पदाधिकारीहरूसँग छलफल गरी प्राप्त सुझाव समेतलाई ध्यान दिई लेखापरीक्षणको योजना तर्जुमा र कार्यान्वयन गरिएको ।
- सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, प्रदेशसभाका माननीय सभामुख र उप-सभामुखज्यूहरू तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरू लगायत संघ, प्रदेश र स्थानीय तहका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख तथा लेखा प्रमुख, सार्वजनिक संस्थानका पदाधिकारी समेतसँग लेखापरीक्षण र यसका विविध पक्षमा छलफल गरिएको ।
- यस वर्ष विभिन्न १५ जिल्लामा ३६ वटा अन्तर्क्रिया कार्यक्रम मार्फत् करिब ५ हजार सरोकारवाला पदाधिकारीलाई लेखापरीक्षणका विविध विषयमा जानकारी गराउँदै प्रत्यक्ष छलफल गरिएको ।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित विषयको छलफल तथा अन्तर्क्रियाका लागि संघीय संसदको सार्वजनिक लेखा समितिमा कार्यालयका तर्फबाट निरन्तर सहभागिता जनाइएको ।
- लेखापरीक्षण, यसका विविध पक्ष र प्रदेश सार्वजनिक लेखा समितिको भूमिका सम्बन्धमा प्रत्येक प्रदेशका सार्वजनिक लेखा समितिका सभापति र अन्य सदस्यसँग छलफल तथा अन्तरक्रिया मार्फत् कार्य क्षेत्रमा स्पष्टता कायम गर्दै समन्वयात्मक भूमिका निर्वाह गरिएको ।
- संवैधानिक निकाय, लेखापरीक्षण सल्लाहकार समिति, नागरिक समाज तथा यस क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गर्ने नीति अवलम्बन गरिएको ।
- भियतनामको हनोईमा भएको एसियाली सर्वोच्च लेखापरीक्षण संस्था (एसोसाई) को १४ औं साधारण सभाबाट नेपाल सन् २०१८ देखि ३ वर्षका लागि गभर्निङ बोर्डको सदस्यमा पुनः निर्वाचित भएको ।
- अन्य देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरू तथा यस क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय निकायहरूसँग द्विपक्षीय सम्बन्ध कायम गरी आपसी हित र क्षमता विकासका कार्यमा प्राथमिकता दिइएको ।

९. सूचना तथा सञ्चार

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश भए पश्चात् पत्रकार सम्मेलन गरी विभिन्न माध्यमबाट प्रतिवेदन सार्वजनिक गर्ने गरिएको ।
- कार्यालयका काम-कारबाही र गतिविधिहरू बारे जानकारी गराउन प्रेस विज्ञप्ति मार्फत सूचना प्रवाह गर्ने गरिएको ।
- वित्तीय अनुशासन र लेखापरीक्षणसँग सम्बन्धित विविध विषयमा यस क्षेत्रका क्रियाशील पत्रकारलाई प्रशिक्षण दिइएको ।
- लेखापरीक्षणसँग सम्बन्धित विषय, गुनासा र अन्य क्रियाकलाप बारे सरोकारवालालाई जानकारी गराउन जिल्लास्तरसम्म सार्वजनिक सूचना सम्प्रेषण तथा अन्तर्क्रिया कार्यक्रमहरू संचालन गरिएको ।
- लेखापरीक्षण र वित्तीय जवाफदेहिता सम्बन्धी गतिविधिहरू समावेश गरी नियमित रुपमा लेखापरीक्षण बुलेटिन, लेखापरीक्षण पत्रिका, वार्षिक प्रगति प्रतिवेदन, सूचनामूलक ब्रोसर प्रकाशन र वितरण लगायत टेलिभिजन कार्यक्रम सञ्चालन गरिएको ।

१०. लेखा ढाँचा र फाराम

- प्रदेश तथा स्थानीय तहका संरचनामा समेत अनुकूल हुने गरी महालेखा नियन्त्रकको कार्यालयले संशोधन तथा परिमार्जन गरी अर्थ मन्त्रालय मार्फत पेस गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ र नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदनको ढाँचा (म.ले.प.फा.नं. २१० (क) तथा म.ले.प.फा.नं. २१० (ख) महालेखापरीक्षकबाट क्रमशः मिति २०७५ भाद्र ५ र मिति २०७५ मार्ग ९ मा स्वीकृत भई कार्यान्वयनमा आएको ।
- संघीयता कार्यान्वयनको सिलसिलामा संघ, प्रदेश र स्थानीय तहको आर्थिक कारोबार लगायतका दैनिक कार्य सञ्चालनका लागि महालेखा नियन्त्रकको कार्यालयले पेश गरेका लेखा ढाँचा तथा फारामहरू मननीय महालेखापरीक्षकज्यूबाट २०७६ जेष्ठ १९ गते स्वीकृत भएको ।

११. वार्षिक लेखापरीक्षण प्रतिवेदन

- यस अवधिमा नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ५५ औं (आ.व. २०७३/७४) र ५६ औं (आ.व. २०७४/७५) वार्षिक प्रतिवेदन पेश गरिएको ।
- ५६ औं वार्षिक प्रतिवेदन संघीयता कार्यान्वयन पश्चात् तीनै तह (संघ, प्रदेश र स्थानीय तह) को सरकारको एकीकृत रुपको पहिलो प्रतिवेदन भएको ।
- सार्वजनिक निकायबाट सम्पादित कार्यको स्वतन्त्र र निष्पक्ष मूल्यांकन गरी सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले वार्षिक प्रतिवेदनका सारभूत विषय समावेश गरी सारांश समेत तयार गरिएको ।
- आर्थिक वर्ष २०७४/७५ को प्रदेश सरकार तथा मातहतका निकायको लेखापरीक्षण गरी प्रथम पटक प्रदेशगत रुपमा तयार गरिएको वार्षिक प्रतिवेदन सात वटै प्रदेशका प्रदेश प्रमुखज्यू समक्ष पेश गरिएको ।
- स्थानीय तहको आर्थिक कारोबारको लेखापरीक्षण गरी आर्थिक वर्ष २०७३/७४ मा ७३८ र २०७४/७५ मा ७४७ स्थानीय तहको छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरू जारी गरिएको ।
- कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएका निकायको छुट्टा छुट्टै प्रतिवेदन समावेश गरी कार्यमूलक लेखापरीक्षण प्रतिवेदन जारी गरिएको ।

लेखापरीक्षणमा नागरिक समाजको सहभागिता विषयक समीक्षा गोष्ठी

५ जेष्ठ, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा महालेखापरीक्षकको कार्यालयबाट हुने कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजका संस्थाहरूको सहभागिता सम्बन्धी समीक्षा गोष्ठी सम्पन्न भयो । गोष्ठीमा महालेखापरीक्षकको कार्यालयका कर्मचारी, विश्व बैंकका प्रतिनिधि, विभिन्न जिल्ला स्थित नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणका लागि आवश्यक सूचना संकलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी र पैरवीको कार्यमा नागरिक समाजको महत्वपूर्ण भूमिका रहने बताउनु भयो । सो क्रममा उहाँले सार्वजनिक खर्च, सेवा प्रवाह र व्यवहारको निगरानी गरी सार्वजनिक निकायबाट हुने कार्यलाई नतिजामुखी बनाउन नागरिक लेखापरीक्षकको संख्या र क्षमता बढाउँदै लग्ने कार्यालयको उद्देश्य रहेको बताउनु भयो ।

समीक्षा गोष्ठीमा कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजका संस्थाहरूको हालसम्मको सहभागिता कार्यको प्रगति समीक्षा गर्दै आगामी दिनमा यसको परिचालन, योग्यता, क्षमता, सहकार्यका क्षेत्रहरू तथा जिल्लास्तरमा लेखापरीक्षण प्रतिवेदनको बहस पैरवी लगायतका विषयमा छलफल भएको थियो । कार्यान्वयनमा ल्याइएको सार्वजनिक खर्चको उच्चतम लाभ सिर्जना गर्ने उद्देश्य सहितको यस अवधारणाले राज्यका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।



गोष्ठीमा सहभागी कर्मचारी, नागरिक समाजका प्रतिनिधि तथा सञ्चारकर्मीहरु ।

वैशाख महिनाका कार्यालय गतिविधि

लेखापरीक्षण सल्लाहकार समितिको १३ औं बैठक सम्पन्न



बैठकमा सहभागी हुँदै माननीय महालेखापरीक्षकज्यू र लेखापरीक्षण सल्लाहकार समितिका पदाधिकारीहरु ।

२९ वैशाख, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको १३ औं बैठक महालेखापरीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भयो । उक्त बैठकमा महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनको समीक्षा, जोखिममा आधारित लेखापरीक्षण पद्दति र आगामी वर्षको लेखापरीक्षणमा समेट्नुपर्ने सार्वजनिक महत्वका विषयहरू लगायत विविध पक्षमा छलफल भएको थियो ।

बैठकमा माननीय महालेखा परीक्षकज्यूले समितिका पदाधिकारीलाई महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समावेश भएका प्रमुख विषयहरू आन्तरिक नियन्त्रण, जिम्मेवारी र जवाफदेहिता, बजेट अनुशासन, सेवा प्रवाह व्यवस्थापन, सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, प्रदेश तथा स्थानीय तह व्यवस्थापन, संस्थान संचालन सम्बन्धमा संक्षिप्त व्यहोराहरू जानकारी गराउनु भएको थियो ।

बैठकमा उपस्थित समितिका पदाधिकारीहरूले वार्षिक प्रतिवेदनमा औंल्याइएका विषय/व्यहोराहरू प्रसंशनीय रहेका तथा प्रस्तुत सुझावको कार्यान्वयनबाट सार्वजनिक प्रशासनमा

वित्तीय अनुशासन कायम गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गर्नुभयो । सो क्रममा उहाँहरूले संघीय संसदको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको प्रतिवेदन उपर नियमित छलफलको वातावरण सिर्जना गर्न आवश्यक समन्वय गर्ने तथा प्रतिवेदन कार्यान्वयन अवस्था सम्बन्धमा निरन्तर मूल्याङ्कन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

सदस्यहरूले लेखापरीक्षणमा देखिएको कार्यबोझ, जोखिम, उपलब्ध जनशक्ति र तिनको क्षमता लगायतका पक्षमा विचार गरी जोखिममा आधारित लेखापरीक्षण पद्दतिको अवलम्बन गर्नुपर्ने बताउनु भयो । त्यसैगरी वार्षिक प्रतिवेदनलाई सरल, पाठकमैत्री र तथ्यमा आधारित बनाउने कार्यमा निरन्तर सुधार गर्दै लेखापरीक्षण ऐन, २०७५ र यसले गरेका व्यवस्थाहरू तथा सार्वजनिक सम्पत्तिको उपयोग र अतिक्रमणलाई समेत लेखापरीक्षणको दायरामा ल्याउनु पर्ने विषयमा सदस्यहरूले आफ्नो धारणा राखेका थिए ।

कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षकज्यूले आर्थिक वर्ष २०७५/७६ को वार्षिक लेखापरीक्षण योजना तयारीको क्रममा रहेको जानकारी गराउँदै प्राप्त सुझावलाई योजना निर्माणमा मार्गदर्शनको रुपमा ग्रहण गरिने बताउनुभयो ।

जोखिममा आधारित लेखापरीक्षण विषयक कार्यशाला गोष्ठी

२८ वैशाख,२०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा संघीय, प्रदेश, स्थानीय तह, सार्वजनिक संस्थान समेतको जोखिममा आधारित लेखापरीक्षण विषयक दुईदिने कार्यशाला गोष्ठी सम्पन्न भयो । गोष्ठीमा कार्यालयका उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक र लेखापरीक्षण योजना २०७६ तयार गर्न गठित समितिका पदाधिकारी लगायतका कर्मचारीहरूको उपस्थिति थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आर्थिक वर्ष २०७५/७६ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकाय, संगठित संस्था, बोर्ड, समिति लगायत सार्वजनिक संस्था गरी करीव ६७०० निकायको लेखापरीक्षण ४५० जना कर्मचारीबाट सम्पन्न गर्नुपर्ने बताउनु भयो। उहाँले विश्वका कतिपय मुलुकले जोखिममा आधारित लेखापरीक्षण मार्फत श्रोत र साधनलाई बढी जोखिमयुक्त क्षेत्र/विषयमा केन्द्रित गर्दै गईरहेको अवस्थालाई हामीले पनि आत्मसाथ गर्न ढिलाई गर्न नहुने बताउनु भयो । सो अवसरमा उहाँले ५६ औं वार्षिक प्रतिवेदनमा समावेश भएका विषयहरूको समीक्षा गर्दै राष्ट्रिय महत्व, जोखिममा आधारित तथा आम जनचासोका विषयलाई विषेश ध्यान दिई आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण योजनाको तर्जुमा गर्न निर्देशन समेत दिनुभयो । कार्यक्रममा सहभागी बीच संघीय संरचना र स्वीकृत संगठन ढाँचा अनुरुप लेखापरीक्षण व्यवस्थापन गर्न तथा यसलाई थप गुणस्तरीय र विश्वसनीय बनाउन गर्नुपर्ने सुधारका क्षेत्र, ढाँचा, पद्दति, प्रतिवेदन प्रणाली लगायतका विषयमा छलफल भएको थियो ।



छलफलमा सहभागी कार्यालयका पदाधिकारी तथा कर्मचारीहरु ।

विषयगत समितिहरू गठन

२४ वैशाख, २०७६

महालेखापरीक्षकको कार्यालयलको समग्र काम-कारबाहीलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउँदै समग्र लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले माननीय महालेखापरीक्षकज्यूको मिति २०७६ वैशाख २३ को निर्णयानुसार तपसिल बमोजिमका विभिन्न विषयगत समितिहरू गठन गरिएका छन्:

(क) महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६ तयारी समिति

महालेखापरीक्षको वार्षिक लेखापरीक्षण योजना, २०७६ र यसको कार्यतालिका तयार गर्न देहाय बमोजिमका पदाधिकारीहरू र हने गरी एक समितिको गठन गरिएको छ ।

क्र.सं.	पदाधिकारीहरूको नाम	पद
१	उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल	संयोजक
२	नायव-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी	सदस्य
३	नायव-महालेखापरीक्षक श्री श्रीकुमार राई	सदस्य
४	निर्देशक श्री इन्द्रप्रसाद आचार्य	सदस्य
५	निर्देशक श्री चन्द्रकान्त भण्डारी	सदस्य
६	निर्देशक श्री महेश पौड्याल	सदस्य
७	निर्देशक श्री हुमनाथ सुवेदी	सदस्य
८	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य

उक्त समितिलाई कार्यालयको स्वीकृत व्यवस्थापन सर्वेक्षण अनुसार संठनात्मक ढाँचा पुनरावलोकन गरी लेखापरीक्षण जनशक्ति निर्धारण गर्ने, लेखापरीक्षण पद्दति र यसको व्यवस्थापनको सम्बन्धमा अध्ययन गरी सुझाव प्रदान गर्ने, जोखिम मूल्याङ्कन गरी लेखापरीक्षण गरिने निकाय र सोको विधि तय गर्ने, निर्देशनालयगत समन्वय गरी संघ, प्रदेश र स्थानीय तहका निकायहरूको विवरण अद्यावधिक गर्ने तथा ईकाइगत लेखापरीक्षण योजनाको ढाँचा निर्धारण गर्ने जिम्मेवारी तोकिएको छ ।

(ख) लेखापरीक्षण नियमावली मस्यौदा समिति

लेखापरीक्षण ऐन, २०७५ को दफा २८ बमोजिम **'लेखापरीक्षण नियमावलीको मस्यौदा'** तयार गर्न देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी एक समिति गठन गरिएको छ ।

क्र.सं.	पदाधिकारीहरूको नाम	पद
१	उप-महालेखापरीक्षक श्री बाबुराम गौतम	संयोजक
२	नायव-महालेखापरीक्षक श्री पदमराज पौडेल	सदस्य
३	निर्देशक श्री घनश्याम पराजुली	सदस्य
४	उप-सचिव (कानून) श्री उपेन्द्रकेशर खनाल	सदस्य
५	निर्देशक श्री शिवप्रसाद आचार्य	सदस्य
६	प्रतिनिधि, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	सदस्य
७	प्रतिनिधि, आधिकारिक ट्रेड युनियन, विभागीय कार्य समिति	सदस्य

(ग) लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कार सम्बन्धी कार्यविधि मस्यौदा समिति

लेखापरीक्षण ऐन, २०७५ को दफा २६ बमोजिम **'लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कार सम्बन्धी कार्यविधि मस्यौदा'** तयार गर्न देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी एक समिति गठन गरिएको छ ।

क्र.सं.	पदाधिकारीहरूको नाम	पद
१	उप-महालेखापरीक्षक श्री ईश्वर नेपाल	संयोजक
२	नायव-महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल	सदस्य
३	निर्देशक श्री नारायणप्रसाद पराजुली	सदस्य
४	निर्देशक श्री कृष्णप्रसाद भट्टराई	सदस्य
५	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य
६	उप-सचिव (कानून) श्री उपेन्द्रकेशर खनाल	सदस्य
७	प्रतिनिधि, आधिकारिक ट्रेड युनियन, विभागीय कार्य समिति	सदस्य

(घ) लेखापरीक्षण सेवाका कर्मचारीको सेवा सुविधा सम्बन्धी नियमावली मस्यौदा समिति

निजामती सेवा ऐन, २०४९ को दफा ७५ बमोजिम **'लेखापरीक्षण सेवाका कर्मचारीको सेवा सुविधा सम्बन्धी नियमावली मस्यौदा'** तयार गर्न देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी एक समिति गठन गरिएको छ ।

क्र.सं.	पदाधिकारीहरूको नाम	पद
१	नायव-महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल	संयोजक
२	निर्देशक श्री रविन्द्रप्रसाद देवकोटा	सदस्य
३	निर्देशक श्री लक्ष्मण आचार्य	सदस्य
४	निर्देशक श्री महेश पौड्याल	सदस्य
५	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य
६	उप-सचिव (कानून) श्री उपेन्द्रकेशर खनाल	सदस्य
७	प्रतिनिधि, आधिकारिक ट्रेड युनियन, विभागीय कार्य समिति	सदस्य

प्रथम महालेखापरीक्षक स्व. चन्द्रबहादुर थापाको स्मृति ग्रन्थ लोकार्पण

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले नेपालका प्रथम महालेखापरीक्षक स्व. चन्द्रबहादुर थापाको स्मृति ग्रन्थ **"विप्लपुरुष चन्द्रबहादुर थापा"** को एक कार्यक्रमका बीच २०७५ चैत्र ५ गते लोकार्पण गर्नुभयो । उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका पदाधिकारी, स्व. चन्द्रबहादुर थापाका परिवारका सदस्य, अन्य विशिष्ट महानुभावहरू एवं सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले २०१६ आषाढ १५ गते नेपालको प्रथम महालेखापरीक्षकको रुपमा नियुक्त ब्रिगेडियर जनरल स्व. चन्द्रबहादुर थापाले बसाल्नु भएको महालेखापरीक्षकको कार्यालयको मजबुत जग, लेखापरीक्षण सम्बन्धी कानूनी व्यवस्था र स्थापित गरेका मूल्य मान्यताले हालसम्म पनि सार्वजनिक वित्तीय प्रशासनमा आर्थिक अनुशासन कायम गर्न सहयोग पुगेको बताउनु भयो ।

कार्यक्रममा माननीय महालेखा परीक्षकज्यूले हालको महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनको समयावधि, सन्दर्भ, व्यवस्था, परिस्थिति र राज्य संचालनका पात्रमा धेरै भिन्नता भए तापनि मुलुकको सार्वजनिक वित्तीय प्रशासन, आर्थिक स्रोत साधनको परिचालन र सार्वजनिक सेवा प्रवाह लगायतका विषयमा देखिएका प्रवृत्तिहरूमा भने समानता रहेको बताउनु भयो । सम्बोधनका क्रममा मुलुकको राजनैतिक व्यवस्थामा भएको संस्थागत परिवर्तन र प्रणालीगत विकासको शुरुवाती चरणमा नेपाल प्रहरी, नेपाली सेना, निजामती सेवा र महालेखापरीक्षकको रुपमा नेपालको सार्वजनिक प्रशासनका विविध क्षेत्रमा स्व.थापाले पुऱ्याउनु भएको योगदान अविस्मरणीय रहेको व्यहोरा उल्लेख गर्नुभयो ।

नेपालका प्रथम महालेखापरीक्षकका रुपमा थापाले आफ्नो कार्य अवधिमा संविधान र प्रचलित कानूनमा तोकिए बमोजिमका निकायको आर्थिक वर्ष २०१८/१९ र २०१९/२० को लेखापरीक्षण सम्पन्न गरी क्रमशः वि.स. २०२०/०६/३१ र २०२१/१०/१२ मा तत्कालीन राष्ट्र प्रमुख समक्ष महालेखापरीक्षकको पहिलो र दोस्रो वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो ।



"विप्लपुरुष चन्द्रबहादुर थापा" स्मृति ग्रन्थ लोकार्पण गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू सहितका पदाधिकारीहरु ।

अन्तर्राष्ट्रिय गतिविधि

नेपाल र थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था बीच छलफल



छलफलका क्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाका State Audit Commissioner, Mr. Sansern Poljieak सहितका पदाधिकारीहरु ।

१९ आषाढ, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाका State Audit Commissioner, Mr. Sansern Poljieak सहितको टोली बीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा औपचारिक भेटघाट भयो । भेटका क्रममा दुबै देशका सर्वोच्च लेखापरीक्षण संस्था बीच हुन सक्ने सहकार्यका क्षेत्रहरु, कर्मचारीको क्षमता विकास, दीगो विकास लक्ष्यको लेखापरीक्षण लगायत द्विपक्षीय र आपसी हितका विविध विषयहरुमा छलफल भयो ।

सो अवसरमा थाईल्याण्डका State Audit Commissioner, Mr. Poljieak ले दुबै देशका सर्वोच्च लेखापरीक्षण संस्थाको कार्य सम्पादन क्षमतामा अभिवृद्धि गरी लेखापरीक्षणलाई गुणस्तरीय र प्रभावकारी बनाउन अनुभवको आदान-प्रदान, पारस्परिक साझेदारी तथा दीगो विकास लक्ष्यको लेखापरीक्षण गर्न Bilateral Academic Cooperation का लागि सहकार्यको प्रस्ताव गर्नुभयो ।

त्यस क्रममा माननीय महालेखापरीक्षकज्यूले दीगो विकास लक्ष्यको लेखापरीक्षणका लागि क्षमता विकास र अनुसन्धानमूलक कार्यका लागि थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट गरिएको प्रस्तावको सराहना गर्नुभयो । साथै नेपाल र थाईल्याण्ड एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) को गभर्निङ्ग बोर्डको सदस्य समेत रहेको अवस्थामा सरकारी लेखापरीक्षणको माध्यमबाट वित्तीय अनुशासन कायम गर्न थप योगदान गर्न सकिने बताउनु भयो ।

कार्यक्रमको शुरुवातमा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र थाईल्याण्डको State Audit Office का Deputy Auditor General, Dr. Sirin Phankasem ले आ-आफ्ना कार्यालयका मूल्य-मान्यता, दूरदृष्टि, गन्तव्य, संगठनात्मक संरचना, लेखापरीक्षणका विधि, प्रक्रिया, वर्तमान अवस्था, विद्यमान चुनौतिहरुका साथै आगामी दिनमा गरिने सहकार्य लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।



छलफलका क्रममा नेपाल र थाईल्याण्डका सर्वोच्च लेखापरीक्षण संस्थाका पदाधिकारीहरु ।

विश्व बैंक समूहका Vice President and Auditor General सँग छलफल



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र विश्व बैंक समूहका Vice President and Auditor General, Ms. Anke D' Angelo

१६ आषाढ, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू र विश्व बैंक समूहका Vice President and Auditor General Ms. Anke D' Angelo बीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा औपचारिक छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा विश्व बैंकका ५ जना प्रतिनिधि र कार्यालयका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले विश्व बैंक समूहको Vice President and Auditor General नियुक्त हुनु भएकोमा Ms. Anke D' Angelo लाई बधाई दिनुहुँदै कार्यालयको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा सहभागी हुनु भएकोमा धन्यवाद समेत ज्ञापन गर्नुभयो । उहाँले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको अवस्था सुधारोन्मुख रहेको र यस क्रममा विश्व बैंकबाट भएको सहयोगको स्मरण गर्नुभयो । त्यसैगरी विश्व बैंकको सहयोगमा संचालित एकीकृत वित्तीय व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षण मानदण्डको समसामयिक सुधार, लेखापरीक्षणलाई थप प्रभावकारी बनाई गुणस्तर सुधार, लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको क्षमता अभिवृद्धि लगायतका कार्यहरु भईरहेको जानकारी गराउनु भयो । कार्यक्रममा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले नेपालको संविधानमा भएको महालेखापरीक्षक सम्बन्धी व्यवस्था, कार्यालयका मूल्य मान्यता, दूरदृष्टि, गन्तव्य, संगठनात्मक संरचना, लेखापरीक्षणका विधि, प्रकृया, विद्यमान चुनौतिहरुका साथै विश्व बैंकले नेपालका सार्वजनिक आर्थिक प्रशासनमा गरेको सहयोग तथा सम्बन्ध लगायतका विषयमा प्रस्तुति गर्नुभएको थियो ।

सो अवसरमा विश्व बैंक समूहका Vice President and Auditor General Angelo ले महालेखापरीक्षकको कार्यालयले गर्ने सूचना प्रविधि लेखापरीक्षण, लेखापरीक्षण प्रतिवेदनले औँल्याएको सुझाव कार्यान्वयनको अवस्था, कार्यमूलक लेखापरीक्षणबाट प्राप्त अनुभव तथा नतिजा सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो । उक्त जिज्ञासाको सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले यस कार्यालयले तोकेको ढाँचामा सम्पूर्ण सरकारी कार्यालयहरुले लेखा अभिलेख राख्नुपर्ने र दिएका सुझावको कार्यान्वयन सम्बन्धित निकायले गर्नुपर्ने व्यवस्था रहेको अवगत गराउँदै कार्यालयले सूचना प्रविधि सम्बन्धी सफ्टवेयरमध्ये नमूना छनौट गरी जोखिमयुक्त सूचना प्रणाली प्रविधिको लेखापरीक्षण गर्दै आएको जानकारी गराउनुभयो ।

IBEMS को सम्मेलनमा सहभागिता

International Business, Economics and Marketing Society (IBEMS) ले टर्कीको इस्तानबुलमा २०१० अप्रिल १८ र १९ मा आयोजना गरेको "Social Sciences Within the Framework of the Latest Developments in the World" विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा कार्यालयका तर्फबाट उप-महालेखापरीक्षक श्री राममाया कुँवर सहभागी हुनुभयो । उक्त सम्मेलनमा नेपाल सहित विभिन्न १२ देशका सर्वोच्च लेखापरीक्षण संस्था तथा निजी क्षेत्रका लेखापरीक्षण संस्थाका ४३ जना पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

सम्मेलनमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूबाट लेखापरीक्षणको माध्यमबाट दिगो विकास, सुशासन तथा समृद्धि हासिल गर्न पुऱ्याउन सकिने योगदान र लेखापरीक्षण कार्यमा दृढता र इमान्दारिता लगायत यस क्षेत्रमा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धी विषयमा छलफल भएको थियो । सम्मेलनमा सहभागी सार्वजनिक तथा निजी लेखापरीक्षण संस्थाका प्रतिनिधिहरूले सर्वोच्च लेखापरीक्षण संस्थाको मूल्य-मान्यता, सूचना प्रविधि लेखापरीक्षण, लेखापरीक्षणको प्रभाव मूल्यांकन, निजी क्षेत्रको लेखापरीक्षण लगायतका विषयमा प्रस्तुतीकरण गरेका थिए । सो क्रममा नेपालको तर्फबाट उप-महालेखापरीक्षक श्री राममाया कुँवरले Value of Audit in Creating Social Well Being विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



IBEMS कार्यक्रममा सहभागी विभिन्न देशका प्रतिनिधिहरु

IT Audit: Sharing SAI's Best Practices कार्यक्रममा सहभागिता

दक्षिण कोरियाको सर्वोच्च लेखापरीक्षण संस्था Board of Audit and Inspection (BAI) को आयोजनामा २०१९ अप्रिल २९ देखि मे २ सम्म ४ दिने IT Audit : Sharing SAI's Best Practices विषयक कार्यक्रम दक्षिण कोरियाको राजधानी सियोलमा सम्पन्न भयो । एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (एसोसाई)का २५ राष्ट्रका ३१ जना प्रतिनिधिहरू सहभागी रहेको उक्त कार्यक्रममा कार्यालयका तर्फबाट नायव-महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजालले सहभागिता जनाउनु भएको थियो ।

कार्यक्रमको उद्घाटन समारोहमा दक्षिण कोरियाका लेखापरीक्षण बोर्डका अध्यक्ष Mr. Choe Jaehyeong ले दक्षिण कोरियाले सूचना प्रविधि लेखापरीक्षणमा अवलम्बन गरेको नयाँ प्रविधि, यसको कार्यान्वयनका सिलसिलामा सामना गर्नुपरेका समस्याहरू तथा वर्तमान अवस्था र उपलब्धि बारे

जानकारी गराउनु भयो । सो क्रममा उहाँले भविष्यमा आउन सक्ने चुनौतिको सामना गर्न सक्ने गरी सर्वोच्च लेखापरीक्षण संस्थाको क्षमता अभिवृद्धि गर्नु कार्यक्रमको उद्देश्य रहेको स्पष्ट पानुहुँदै वर्तमान विश्वमा सूचना प्रविधिको विकासले व्यक्ति, समाज र राष्ट्रलाई प्रत्यक्ष प्रभाव पार्दै गएको अवस्थामा सूचना प्रविधि लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्था केन्द्रित हुनुपर्ने कुरामा समेत जोड दिनुभयो ।

उक्त कार्यक्रममा उपस्थित विभिन्न देशका प्रतिनिधिबाट आ-आफ्नो देशको सर्वोच्च लेखापरीक्षण संस्थाले अंगीकार गरेको सूचना प्रविधि लेखापरीक्षण विधि, प्रक्रिया, सोबाट देखिएका व्यहोरा, चुनौति, वर्तमान अवस्था, प्राप्त उपलब्धि तथा आगामी दिनको कार्यदिशा लगायतका विषयमा कार्यपत्र प्रस्तुत तथा अनुभवको आदान-प्रदान गरिएको थियो ।



दक्षिण कोरियाको लेखापरीक्षण बोर्डका अध्यक्ष Mr. Choe Jaehyeong सँग विभिन्न देशका सहभागी प्रतिनिधिहरु

लेखापरीक्षण विषय

(लेखापरीक्षण ऐन, २०७५ को दफा ९ अन्तर्गत परीक्षण गर्ने विषयसँग सम्बन्धित)



- रमेश ढकाल, निर्देशक

निर्दिष्ट शीर्षक भित्र, सीमाको परीक्षण गरौं ।
ढाँचाले तोकेको लेखा, मासिक रिपोर्टलाई हेरौं ॥
चित्रण केन्द्रीय लेखा, कारोबार विराधको ।
यथार्थ नतिजा हेरौं, संचित कोष हिसाबको ॥

बजेट र निकासा विधि, आविको मूल चित्रण ।
आय र खर्चको पुष्ट्याँई, नियमन र नियन्त्रण ॥
जाचौं प्रगति भौतिक, समय र भुक्तानीमा ।
दायित्व सिर्जित कारण, अधिकार र स्वीकृतिमा ॥

नगद, जिन्सी स्रोत साधन, उपयोग परीक्षणको ।
अभिलेख सम्पत्तिको, संरक्षण र नोक्सानको ॥
नियन्त्रण दोहोरो कार्य, कर्मचारी निकायको ।
संगठनको कार्यभित्र, हेर्नु अवस्था संचालनको ॥

ऋणसित साँवा व्याज, लगानीमा लाभांशको ।
आन्तरिक नियन्त्रण विधि, पालना र प्रभावको ॥
आलेप रिपोर्टको स्तर, कार्यान्वयनको टिप्पणी गरौं ।
राजस्व प्रशासन भित्र, दाखिला, असुली र चुहावट हेरौं ॥

प्रगति र लक्ष्यभित्र, लागत खर्च तुलनाले ।
प्रतिफल र विश्लेषणको, दक्षता मापदण्डले ॥
योजना बजेटको सार, उद्देश्य नीतिको मिलन ।
गुणस्तर कामको आधार, प्राप्ति र पूर्णता किटान ॥

बेरुजू लगत लेखा, अभिलेख फछ्यौंटको ।
बाँडफाँड राजस्वभित्र, अनुदान रोयल्टीको ॥
सूचना प्रविधि मैत्री, कारोबार समग्रको ।
उपयोग र परिचालन, प्रभावकारी प्रयासको ॥

लेखापरीक्षण प्रवाह तालिका (Audit Flow Chart)

आर्थिक वर्ष २०७५/७६ को स्थलगत लेखापरीक्षण गर्न माननीय महालेखापरीक्षकज्यूबाट वार्षिक लेखापरीक्षण योजना मिति २०७६ आषाढ ३१ गते स्वीकृत भएको छ । महालेखापरीक्षकबाट नेपालको संविधान तथा प्रचलित कानून बमोजिम तोकिएका निकायहरुको लेखापरीक्षण गर्दा देहाय बमोजिमको लेखापरीक्षण प्रवाह तालिकाको अवलम्बन गर्ने गरिएको छ ।



२०७६ वैशाख, जेष्ठ र आषाढ महिनामा सम्पन्न वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	देश	अवधि
१	नायब महालेखापरीक्षक	श्री विष्णुप्रसाद रिजाल	13th BAI Seminar	South Korea	April 29- May2 , 2019
२	उप-महालेखापरीक्षक	श्री राममाया कुँवर	"Social Sciences Within the Framework of the Latest Developments in the World"	Turkey	April 18-19, 2019
३	निर्देशक	श्री अनन्तप्रसाद तिवारी	Essentials on REDD Implementation in South East Asia	Thailand & Vietnam	June 30-July 7, 2019
४	लेखापरीक्षण अधिकारी	श्री कमलाकुमारी कार्की		Thailand & Laos	July 7- 14, 2019

२०७६ वैशाख, जेष्ठ र आषाढ महिनामा सम्पन्न स्वदेशी तालिम तथा कार्यक्रममा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	तालिम दिने संस्था	अवधि
१	निर्देशक	श्री रमेश ढकाल	Advanced Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७६/०१/०२-२०
२	निर्देशक	श्री ललितबहादुर शाक्य			
४	निर्देशक	श्री प्रेमबहादुर मुङ्मेन	Project Administration and Implementation Workshop	अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा	२०७६/०१/२४-२५
५	लेखापरीक्षण अधिकारी	श्री टोपलाल पौडेल			
६	लेखापरीक्षण अधिकारी	श्री रामचन्द्र ओझा			
७	लेखापरीक्षण अधिकारी	श्री पिंकीकुमारी दास	तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम	केन्द्रीय तथ्याङ्क विभाग	२०७६/०१/२४
८	सहायक कम्प्युटर अपरेटर	श्री अनिलकुमार दहित	Website, Report, Digital Circular Related Training	पेफा	२०७६/०२/१७
९	निर्देशक	संयुक्त (१२ जना)	कार्य सम्पादनको सिलसिलामा आईपर्ने विशेष परिस्थिति/ घटनाका समयमा आफूले गरेका कार्य/ निर्णयका बारेमा अनुभव आदानप्रदान सम्बन्धी कार्यक्रम	लोक सेवा आयोग, परीक्षण प्रविधि शाखा	२०७६/०२/२८
१०	निर्देशक	श्री रघुपति महत	NPSAS High Level Workshop	महालेखा नियन्त्रक कार्यालय	२०७६/०२/२९ - ३०
११	निर्देशक	श्री नेत्रप्रसाद पौडेल			
१२	लेखापरीक्षण अधिकारी	श्री सिर्जना रिमाल	Gender Equality, Social Inclusion and Gender Responsive Budget	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७६/०३/१३

२०७६ वैशाख, जेष्ठ र आषाढ महिनामा रमाना भई आएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई आएको मिति	कैफियत
१	सहायक कम्प्यूटर अपरेटर	श्री सुप्रिया लामा बम्जन	२०७६/०३/२९	
२	सहायक कम्प्यूटर अपरेटर	श्री सुनिता तमाङ्ग	२०७६/०३/२९	

२०७६ वैशाख, जेष्ठ र आषाढ महिनामा रमाना भई गएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई गएको मिति	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री मोहन खनाल	२०७६/०२/१४	रा.प.द्वितीय श्रेणी, सरकारी वकिल तर्फ सिफारिस

२०७६ वैशाख, जेष्ठ र आषाढ महिनामा नयाँ नियुक्त भएका कर्मचारीहरू

(क) निर्देशक

आन्तरिक प्रतिस्पर्धाबाट मिति २०७६/०२/१ को निर्णय बमोजिम रा.प.द्वितीय श्रेणीमा नियुक्त हुनुभएका कर्मचारी

क्र.सं.	कर्मचारीको नाम
१	श्री लोकनाथ घिमिरे

(ख) लेखापरीक्षण अधिकारी

खुला प्रतिस्पर्धाबाट मिति २०७६/०३/१० को निर्णय बमोजिम रा.प.तृतीय श्रेणीमा नियुक्त हुनुभएका कर्मचारीहरु

क्र.सं.	कर्मचारीको नाम	क्र.सं.	कर्मचारीको नाम	क्र.सं.	कर्मचारीको नाम
१	श्री प्रविन कार्की क्षेत्री	१३	श्री विनोद खड्का	२५	श्री मिना लामा
२	श्री शिवजी खड्का	१४	श्री तुलाराम पोखरेल	२६	श्री गीता पन्थी
३	श्री सुनिल बस्नेत	१५	श्री वविता पोखरेल	२७	श्री नवयुवककुमार जयसवाल
४	श्री विवेक काफ्ले	१६	श्री अनिताकुमारी थापा	२८	श्री नविन अधिकारी
५	श्री विनोद पाठक	१७	श्री भिमबहादुर तामाङ	२९	श्री निमेश राई
६	श्री चिरन्जीवी वि.सी.	१८	श्री डिलाराम खनाल	३०	श्री शुक्रराज तामाङ्ग
७	श्री सिर्जना भण्डारी	१९	श्री शम्भु गैरे	३१	श्री रीमबहादुर ठाडा
८	श्री बुद्धिमान घिमिरे	२०	श्री रस्मिता सिम्खडा	३२	श्री घनश्याम बसेल
९	श्री निरा काफ्ले	२१	श्री नारायण न्यौपाने	३३	श्री ममता वि.क.
१०	श्री दिपकप्रसाद पन्थी	२२	श्री प्रकाश खनाल	३४	श्री मनोहरप्रसाद गुप्ता
११	श्री देवीलाल यादव	२३	श्री शर्मिलाकुमारी बुढाथोकी	३५	श्री ललनप्रसाद यादव
१२	श्री जीवनकुमार गौतम	२४	श्री ताराबहादुर राई		

(ग) लेखापरीक्षण अधीक्षक

खुला प्रतिस्पर्धाबाट मिति २०७६/०३/१६ को निर्णय बमोजिम १ जना र २०७६/०३/२९ को निर्णय बमोजिम ४४ जना गरी जम्मा ४५ जना रा.प.अनं.प्रथम श्रेणीमा नियुक्त हुनुभएका कर्मचारीहरु

क्र.सं.	कर्मचारीको नाम	क्र.सं.	कर्मचारीको नाम	क्र.सं.	कर्मचारीको नाम
१	श्री अमृत पौडेल	१६	श्री होमबहादुर खत्री	३१	श्री विनिता ज्ञवाली
२	श्री सुनिता कुमारी साउद	१७	श्री दिपेन्द्र मरासिनी	३२	श्री नरेन्द्रकुमार श्रेष्ठ
३	श्री विनोद रिजाल	१८	श्री सरस्वती घिमिरे	३३	श्री जयबहादुर खत्री
४	श्री ऋषिराम पोखेल	१९	श्री पदमबहादुर रावल	३४	श्री विशाल नेपाली
५	श्री लोकमणि खनाल	२०	श्री सन्जय बानियाँ	३५	श्री सरला ढकाल
६	श्री भानुभक्त चापागाई	२१	श्री हिराराज गिरी	३६	श्री प्रमिला पोखरेल
७	श्री सरोज खत्री	२२	श्री नवराज ओझा	३७	श्री तिर्सना गोदार
८	श्री भरत भट्टराई	२३	श्री नवीन लुईटेल	३८	श्री मनिषा कुमारी
९	श्री पारस अधिकारी	२४	श्री दुर्गाप्रसाद आचार्य	३९	श्री अमिन्द्र सिंह
१०	श्री केशवराज जोशी	२५	श्री प्रकाश कटुवाल	४०	श्री बह्माप्रसाद यादव
११	श्री सुरेश के.सी.	२६	श्री अन्जना खड्का	४१	श्री अजय पजियार
१२	श्री विष्णुप्रसाद उपाध्याय	२७	श्री प्रमोद राई	४२	श्री रविकुमार दास
१३	श्री जीवन के.सी.	२८	श्री दुर्गबहादुर ओली	४३	श्री रंजेश अधिकारी
१४	श्री लक्ष्मणकुमार आचार्य	२९	श्री अञ्जना राई	४४	श्री विष्णुमाया लिम्बू
१५	श्री सविन पंगेनी	३०	श्री गुणबहादुर भुजेल	४५	श्री हेमन्तबहादुर मगर

२०७६ वैशाख, जेष्ठ र आषाढ महिनामा बढुवा भएका कर्मचारीहरू

क्र.सं.	साविकको पद	हालको पद	कर्मचारीको नाम	बढुवा मिति
१	निर्देशक	नायव-महालेखापरीक्षक	श्री अशोककुमार कार्की	२०७६/०१/०२
२	निर्देशक	नायव-महालेखापरीक्षक	श्री बैकुण्ठबहादुर अधिकारी	२०७६/०१/०३
३	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री शिवप्रसाद आचार्य	२०७६/०१/०२
४	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री जगन्नाथ घिमिरे	२०७६/०१/०२
५	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री पदमबहादुर बस्नेत	२०७६/०१/०३
६	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री भुमिराज आचार्य	२०७६/०१/०३
७	लेखापरीक्षण निरीक्षक	लेखापरीक्षण अधीक्षक	श्री नन्दप्रसाद पाण्डे	२०७६/०३/११
८	कार्यालय सहयोगी	लेखापरीक्षण निरीक्षक	श्री केशवप्रसाद धिताल	२०७६/०३/०१

२०७६ वैशाख, जेष्ठ र आषाढ महिनामा अवकास भएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	शुरु नियुक्ति मिति	अवकास मिति	कैफियत
१	निर्देशक	श्री कृष्णप्रसाद शर्मा	२०४५/०४/२१	२०७६/०१/०१	
२	निर्देशक	श्री रामकृष्ण अधिकारी	२०३९/०५/०१	२०७६/०२/०२	
३	लेखापरीक्षण अधिकारी	श्री राजनकुमार घिमिरे	२०३८/०३/०८	२०७६/०२/०२	
४	लेखापरीक्षण अधिकारी	श्री बद्रीबहादुर खड्का	२०३९/०१/११	२०७६/०२/२२	
५	लेखापरीक्षण अधिकारी	श्री हरिबाबु थापा	२०३८/१०/२८	२०७६/०३/२९	
६	लेखापरीक्षण अधीक्षक	श्री लिलानाथ तिमिल्सिना	२०४६/०४/१६	२०७६/०१/०४	
७	हलुका सवारी चालक	श्री केदार गिरी	२०५२/१२/२८	२०७६/०१/०१	
८	हलुका सवारी चालक	श्री रामचन्द्र श्रेष्ठ	२०५२/१२/२८	२०७६/०२/२९	

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानूनले तोके बमोजिमका निकायहरुको लेखापरीक्षण गर्न २०७६ श्रावण चौथो हप्तादेखि दार्चुला, बैतडी, बझाङ, बाजुरा, अछाम, हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, प्युठान, रोल्पा, मनाङ, मुस्ताङ, म्याग्दी, रसुवा, सिन्धुपाल्चोक, खोटाङ, भोजपुर, संखुवासभा, ताप्लेजुङ, तेह्रथुम र पाँचथर गरी जम्मा २७ जिल्ला र उल्लिखित २७ जिल्ला बाहेक संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकायहरुको लेखापरीक्षण हुन गईरहेको छ ।

यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न/परीक्षण गर्न सकिने हुँदा उल्लिखित विषयमा कुनै जानकारी भएमा सम्बन्धित खटिने लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गर्न सहयोग पुऱ्याउन समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।
पोष्ठ बक्स नं. १४४२८
फोन नं. : ०१-४२५८१७४, ४२६६०३४, ४२५५७०७, फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल : oagnep@ntc.net.np, info@oag.gov.np, वेभसाइट : www.oagnep.gov.np